# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)


प.स. : २०७६।७७
च.न. : ४६३

मिति: २०७६।०६।०९

श्री क्लिकमाण्डु अनलाइन
चाणक्य मिडिया प्रा.लि
कालिकास्थान, काठमाण्डौ

**विषय: स्पष्ट गरिएको सम्वन्धमा ।**

तहाँको मिति २०७६।०६।०९ मा वोर्डको एक कर्मचारीको विदेश भ्रमणका सम्वन्धमा वोर्ड र वोर्डका अध्यक्षप्रति लक्षित गरी आधारहीन समाचार प्रकाशित भएकोमा वोर्डको गम्भिर आपत्ती रहेको छ ।

उक्त समाचारमा बोर्ड अध्यक्षका ड्राइभर नहकुल भट्टराईले वेलायतको लण्डनमा भएको एक कार्यक्रममा भाग लिएको भनी उल्लेख भएकोमा निज हाल वोर्डको नियमानुसार व्यक्तिगत विदामा रहेको र सो क्रममा कर्मचारीले विदा लिई व्यक्तिगत रुपमा गर्ने कार्य वोर्डको सरोकारको विषय नभएको एवं निज चालक अध्यक्षको ड्राइभर नरहेको व्यहोरा समेत स्पष्ट गरिन्छ । साथै हालै विदेश भ्रमण मर्यादित एवं व्यवस्थित वनाउन वोर्डका कर्मचारीले व्यक्तिगत रुपमा विदेश भ्रमण गर्दा समेत पूर्व जानकारी लिनुपर्ने व्यवस्था गरेको व्यहोरा समेत जानकारी गराउँदै ४०० भन्दा वढी संस्थाको नियमन गर्ने नियमनकारी निकायको सम्वन्धमा समाचार प्रकाशित गर्दा त्यसको सत्य तथ्यतर्फ समेत ध्यान दिन गम्भिर ध्यानाकर्षण गराइन्छ ।

(रुपेश के.सी.)
सह प्रवक्ता तथा उपकार्यकारी निर्देशक